# सखुवानन्कारकट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हानको सुचना

**प्रथम पटक सुचना प्रकाशित मिति :- २०७८।०७।०७**

यस सखुवानन्कारकट्टी गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका योजना बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजतपत्र प्राप्त इच्छुक नेपाली फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरु :**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले ३० औं दिन भित्र नविकरण भएको इजाजतपत्र, आयकर दर्ता, मूलय अभिबृद्धि कर दर्ता र आ.व. २०७७/०७८ को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिका साथै निवेदन साथ बोलपत्रदाता वा निजको अधिकारिक प्रतिनिधिले पेश गरेमा यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फारम फर्मको सिलबन्दी गरी खाम वाहिर आफ्नो फर्मको नाम, थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी शिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि यस कार्यालयमा ३१ औ दिन, दिनको १२ वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी कार्यालयको प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तोकिएको समयमा फर्मको वा निजहरुको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न वाधा पुग्ने छैन। कारणवश शिलवन्दी बोलपत्र दार्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

३. बोलपत्र शर्तरहित केरमेट नभएको हुनु पर्छ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदातांहरुको दस्तखत र छाप भएको हुनु पर्दछ।

४. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री एन.एम.वी. बैंक सखुवानन्कारकट्टी सिरहाको धरौटी खाता नं. 1100085117500144 को खातामा नगदी जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा बोलपत्रको हकमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको ग्यारेण्टी (विड बण्ड) संलग्न हुनु पर्नेछ र बोलपत्र दस्तुर यसै बैंकको राजश्व खाता नं. 1100085117500199 को खातामा दाखिला गर्नु पर्नेछ।

५. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। केरमेट भएको स्थानमा सहिछाप गर्नुपर्ने छ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्याता दिईनेछ। बोलपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकेदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनुपर्ने छ।

६. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा नै हुनेछ।

७. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

८. यसमा कुनै संशोधन भएमा सो को जानकारी यस कार्यालयमा सूचना टाँस गरी जानकारी गराईनेछ।

९. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

१०. बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ। अन्य कुराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

१२. योजनाको रकम प्रदेश सरकार बाट प्राप्त हुने समपुरक रकम र यस पालिकाको समपुरक कोषबाट भुक्तानी गरिने छ।

१३. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। तथा सम्पर्क नं. ९८६२८५५६९४ मा सम्पर्क गर्न सकिनेछ।

| सि. नं. | वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.क.वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | 02/SRM/078-079 | वाडा नं. ३ पोर्ताहा को परिहारपुर चौक देखि मिर्जापुर सम्म पक्की सडक निर्माण | 3447966.90 | 100000.00 | 3000.00 | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner